का.जि.प्र.का.द.नं. १००/०५९/६०

❒ वर्ष १८, अंक ९२
❒ ८ जेठ २०७७, बिहीबार
❒ 21 May 2020, Thursday
www.madhyanhadaily.com

पृष्ठ ४ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily


राष्ट्रिय दैनिक

| अपडेटः बुधबार साँझसम्म | | संक्रमित | निको भएको | परिक्षण गरिएको | आइसोलेसनमा | मृत्यु |
|---|---|---|---|---|---|---|
| | नेपालमा | ४२७ जना | ४५ जना | ३५४९४ | ३८० | २ जना |

| | संक्रमित | निको भएको | मृत्यु भएको | उपचारत |
|---|---|---|---|---|
| विश्वभर | ५० लाख १७ हजार | १९ लाख ७९ हजार | ३ लाख २५ हजार | २७ लाख ११ हजार |

# नयाँ नक्सा सार्वजनिक

गएको सोमबारको मन्त्रिपरिषदबाट पारित भएको नेपालको नयाँ नक्सा आधिकारिक रूपमा सार्वजिनक भएको छ। भूमि व्यवस्था मन्त्री पद्या अर्यालले बुधबार मन्त्रालयमा पत्रकार सम्मेलनगरी नयाँ नक्सा सार्वजनिक गरिएको हो।






**मध्यान्ह संवाददा**
काठमाडौं, ७ जेठ।

सरकारले लिम्पियाधुरासहितको नेपालको नक्सा सार्वजनिक गरेको छ। जेठ ५ गतेको मन्त्रिपरिषद्को बैठकले भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयबाट प्रस्तावित नेपालको अद्यावधिक नक्सा स्वीकृत गरेको थियो।

नयाँ नक्सामा अन्तर्राष्ट्रिय सिमानामा खासगरी पश्चिम उत्तरी क्षेत्रमा रहेको लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्र तथा सङ्घीयतानुरुप प्रदेश र स्थानीय तह पनि समेटिएको छ।

सिंहदरबारस्थित मन्त्रलायमा भूमि व्यवस्थामन्त्री पद्मकुमारी अर्यालले बुधबार पत्रकार सम्मेलन गरी सो नक्सा सार्वजनिक गरेकी हुन्। नक्सामा नेपालको उत्तरी, पूर्वीय, पश्चिमी र दक्षिणी अन्तरर्ाष्ट्रिय सीमा सहित राजनीतिक र प्रशासनिक प्रबन्ध पनि समेटिएको छ। सरकारले सो नक्साका आधारमा निशानछाप र प्रतीक चिन्ह समेत प्रयोगमा ल्याउने निर्णय गरेको छ। सोका लागि संविधानको अनुसूचीमा संशोधन गर्न संसद्मा विधेयक पेश गर्ने तयारी पनि गरिएको छ।

यसअघि नेपालको नक्सामा लिम्पियाधुरा सहितका भूगोल समेटिएको थिएन। तर, जेठ २ गते बसेको सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) को सचिवालय बैठकले नयाँ नक्सा सार्वजनिक गर्ने निर्णय गरेको थियो। त्यहीअनुसार, राष्ट्रपति विद्यादेवी भण्डारीले प्रस्तुत गरेको आगामी आर्थिक वर्ष २०७७/७८ को नीति तथा कार्यक्रमबाटै नयाँ नक्सा सार्वजनिक गर्ने घोषणा भएको थियो। सुगौली सन्धी सहित विभिन्न तथ्यहरुको



आधारमा उक्त भूमि नेपालको भएको र भारतले अतिक्रमण रहिआएको नेपाल सरकारले दावी गरेको छ। यो भूमिका लागि नेपालमा लामो समयदेखि आन्दोलन हुँदै आएको थियो।

गएको नोभेम्बरमा भारतले राजनीतिक नक्सामा नेपालको लिपुलेक समेत समेटिएको र कोभिड महामारीका बेला सडक उद्घाटन गरिएपछि सरकारले नेपालको राजनीतिक तथा प्रशासनिक नक्स सार्वजनिक गरिएको छ।

मंगलबार संघीय संसदमा प्रधानमन्त्री केपी शर्मा ओलीले यो भूमि फिर्ता ल्याएरै छोड्ने प्रतिबद्धता जनाएका छन्। सरकारले उक्त भूमिमा सशस्त्र प्रहरीको क्याम्प समेत स्थापना गरिसकेको छ। भारतले भने यसअगाडि नै त्यहाँ सीमा सुरक्षा बल राखेर आफ्नो भूमि भएको दावी गर्दै आएको छ। चीनको मानसरोवर जोड्ने सडक बनाएपछि नेपाल सरकारले कडा आपत्ति जनाउँदै आएको छ।

## नक्सामा समेटिएको भूगोल

दार्चुला जिल्लाको छाङरुबाट देखिएको भारतले मिचेको भूभाग (नदीको माथिल्लो भेगमा देखिएको हिउँसहितको पहाड)। बीचमा काली नदी छ। काली नदीको बायाँको भूभाग भारत हो भने दायाँ नेपाल हो।

दोभान माथि बीचमा देखिएको हिउँ सहितको पहाडको बायाँ लिम्पियाधुराबाट काली नदी आउँछ। त्यो पहाडको दायाँबाट लिपुलेक कालापानी हुँदै लिपु खोला बग्छ। गुञ्जी दोभानमा आएर मिसिन्छ। छाङरुबाट गुञ्जी १० किलोमिटरको दूरीमा छ।

त्यही लिपुखोलालाई काली दावी गरेर भारतले त्यस उता लिम्पियाधुरासम्मको भूभाग भारतले अतिक्रमण गरेको छ। उक्त पहाडमा गुञ्जी, कुटी, नावीलगायत गाउँ पर्छ। बुधबार सरकारले यो सबै भूभाग समेटेर नेपालको नक्सा सार्वजनिक गरेको हो।

*-तस्वीर : नारायण ढुङ्गाना, रासस*

## महामारीको त्रास उस्तै

कोभिड-१९ संक्रमण राजधानी उपत्यकामा समेत देखिए पछि नेपालमा थप महामारीको सन्त्रास बढेको छ। महामारीबाट दुई जनाको मृत्यु भइसकेको छ। संक्रमित मध्ये ४५ जना निको भएर घर फर्किएका छन्।

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ जेठ।

२५ जनामा कोभिड १९ को सङ्क्रमण देखिएको छ। स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले यहाँ आयोजना गरेको नियमित पत्रकार सम्मेलनमा प्रवक्ता डा विकास देवकोटाले बाँके, धनकुटा, कपिलवस्तु र नवलपरासी (पश्चिम) जिल्लामा नयाँ २५ जना सङ्क्रमित फेला परेको जानकारी दिए।

नयाँ थपिएकासँगै कुल सङ्क्रमित ४२७ जना पुगेका छन्। थपिएका सङ्क्रमित तीन देखि ४८ वर्षका १८ पुरुष र सात महिला रहेका प्रवक्ता डा अधिकारीले जानकारी दिए। संक्रमित हुनेमा तीन बालिका छन्। नयाँ सङ्क्रमितमा बाँकेका ६ जना छन्। नरैनापुर गाउँपालिका ५ का १७, २०, २८, ३० र ४० वर्षका तथा खजुरा ५ का २७ वर्षीय पुरुष रहेका छन्। कपिलवस्तुमा १३ सङ्क्रमित छन्। नयाँ सङ्क्रमितमा विजयनगरको क्वारेन्टाइनमा रहेका २२, ३५ र ४८ वर्षका पुरुष छन्। महाराजगञ्ज गाउँपालिका ३, ४ र ६ वर्षीया बालिकामासमेत सङ्क्रमण देखिएको छ। सोही गाउँपालिकाका १६, २५ र ३२ वर्षीया महिला र चार पुरुषमा १२, २०, २४ र ३४ वर्षका छन्।

धनकुटाका पाँच जनामा २८, २९, ३५ र ३७ वर्षीय पुरुष र २४



प्रदेश नं १ बाट थप आठ जना कोभिड-१९ बाट सङ्क्रमित निको भै बुधबार घर फर्केका छन्। कोशी अस्पताल (कोभिड-१९) उपचार केन्द्र विराटनगरमा उपचार गराइ निको भइ घर फर्कनेमा पाँच भारतीय नागरिक र तीन जना उदयपुर जिल्लाको भुल्केका रहेका छन्। *तस्वीर : रासस*

वर्षीय महिला तथा नवलपरासी (पश्चिम)का सुस्ता गाउँपालिका ५ का पुरुष रहेको उनले बताए। अहिलेसम्म सङ्क्रमितमा ३५८ पुरुष र ६९ महिला छन्। अहिलेसम्म ३८ जिल्लामा सङ्क्रमण देखिएको छ। यसैगरी कोशी अस्पतालमा उपचाररत रहेका उदयपुरका आठ जना पूर्णरुपमा निको भई घर फर्किएका छन्। अहिलेसम्म ४५ जना घर फर्किएका छन्। क्रिमसन अस्पतालमा रहेका सङ्क्रमितको अहिले भेन्टिलेटरमा उपचार भइरहेको छ।

## हवाई उडान जेठ ३२ सम्म बन्द

**काठमाडौं/मस-** सरकारले राष्ट्रिय तथा अन्तर्राष्टिय हवाई उडानमा लगाएको रोक जेठ ३२ गतेसम्म लम्ब्याउने निर्णय गरेको छ। बुधबार बसेको कोभिड-१९ रोकथाम तथा नियन्त्रण उच्चस्तरीय समितिले जेठ ३२ गतेसम्म हवाई उडान स्थगन गरेको हो।

कोरोना भाइरस (कोभिड-१९) संक्रमण रोकथामका तथा नियन्त्रणका लागि सरकारले हवाई उडानमा रोक लगाउँदै आएको छ। पछिल्लो पटक समितिले जेठ १८ गतेसम्मका लागि हवाई उडान स्थगन गरेको थियो।

सरकारले जेठ २० गतेसम्म लकडाउन लम्ब्याउने निर्णय गरिसकेको छ। ४ गते बसेको मन्त्रिपरिषद् बैठकले लकडाउनलाई लब्याउने निर्णय गरेपनि हवाई उडानबारे निर्णय गरेको थिएन।

## विदेशमा रहेका नेपाली कामदार
# न फर्कन सहज, न फर्केपछि रोजगारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ जेठ

कोरोना भाइरस संक्रमणका कारण विदेशमा रोजगारी गुमाई अलपत्र परेका नेपाली कामदारले स्वदेश फर्किएपनि रोजगारी पाउने सम्भावना न्यून देखिएको छ। नेपाल सरकारले स्वदेश फर्काउन आलटाल गरेका कारण तनावमा रहेका कुनै तरीकाले स्वदेश फर्किएपनि उनीहरु उपयुक्त सरकारी नीतिको अभावमा रोजगारीबाट विमुख हुनसक्ने खतरा पनि देखिएको छ। नेपाल उद्योग परिसंघले बुधबार गरेको छलफलमा उद्योग वाणिज्य क्षेत्रका अगुवाहरुले नेपालमै रोजगारी गरिरहेका कामदारहरुले रोजगारी गुमाई रहेको अवस्थामा विदेशबाट फर्किने कामदारलाई रोजगारी दिन समस्या हुने बताए।

हाल विदेशमा ४० लाख बढी नेपाली रहेको भएपनि वैदेशिक रोजगारीमा करिब २५ लाख




रहेको विश्लेषण भइरहेको छ। विदेशबाट रोजगारी गुमाएर कति नेपाली फर्किएलान्? भन्ने एकिन गर्न कोरोना भाइरसको फैलावट र संक्रमणको अवस्था पहिले निर्धारण




हुनुपर्ने भएपनि हालको अवस्थामा १० लाख नेपाली फर्किन सक्ने परिसंघको आँकलन रहेको छ।

नेपाली कामदारका प्रमुख श्रम गन्तव्य कच्चा तेलमा आश्रित अर्थतन्त्र भएका जिसिसी अन्तर्गतका ६ मुलुक, मलेसिया, जापान र दक्षिण कोरिया हुन्। कोरोना भाइरसको महामारीले कच्चा तेलको मुल्यमा आएको विश्वव्यापी गिरावटले नेपाली कामदारको प्रमुख गन्तव्य मुलुका गल्फ कोअपरेशन काउन्सिल अन्तर्गतका ६ वटा देशको आर्थिक गतिविधि गम्भीर रुपमा पभावित भएको छ। ती देशमा कोरोना भाइरस संक्रमणको बृद्धिदर रोकिन सकेको छैन। विदेशबाट फर्किने कामदारहरुलाई रोजगारी सिर्जना गर्ने विषयमा हाल अर्थ मन्त्रालय, श्रम, रोजगार तथाा सामाजिक सुरक्षा मन्त्रालय, उद्योग मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, कृषि मन्त्रालय र नेपाल राष्ट्र बैंकले अध्ययन गरिरहेका छन्। प्रारम्भिक अध्ययन अनुसार हाल नेपालमा पूर्णकालीन, अल्पकालीन तथा अनौपचारिक क्षेत्रमा काम गरिरहेका ९६ लाखले रोजगारी गुमाएको अवस्था देखिएको नेपाल उद्योग परिसंघले जनाएको छ।


परिसंघको छलफलमा सहभागी श्रम मन्त्रालयका सचिव विनोद केसीले विदेशबाट फर्किएर आई अर्काको जमीन भाडामा लिई कृषि उत्पादन गर्ने कामदारलाई सस्तो व्याजदरमा ऋण दिने लगायतका मोडालिटीमा छलफल भइरहेको बताए। सचिव केसीले प्रधानमन्त्री रोजगार कार्यक्रममार्फत पनि केही कामदारहरुलाई रोजगार दिन सकिने जानकारी दिए।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) का कन्ट्री डाईरेक्टर रिचर्ड होवर्डले कोरोना भाइरस संक्रमणले विश्वभर ४ सय ३६ मिलियन रोजगारदाताले व्यापार र साना तथा मझौला उद्यममा रहेका ७० प्रतिशत कामदारले रोजगारी गुमाउने र नेपालमा निजी क्षेत्रको रोजगारी गुमाउनेको संख्या ९० प्रतिशतसम्म पुग्न सक्ने भन्दै विदेशमा रोजगारी गुमाई फर्किएका कामदारहरुको विषय सोचनीय बनेको बताए।

ठूला परियोजना भन्दा साना तथा लघु उद्योग बेरोजगार नेपालीहरुलाई रोजगारी दिने क्षेत्र भएपनि कोरोना महामारीबाट सबैभन्दा बढी यीनै क्षेत्र प्रभावित भएको परिसंघले जनाएको छ।

## राष्ट्रियसभामा सांसदहरुको माग

# ‘पीसीआर परीक्षण बढाऔं’



मध्यान्ह संवाददाता
काठमाडौं, ७ जेठ

सांसदहरुले देशबाहिर अफठ्यारोमा परेकाहरुको उद्धार गरी पीसीआर परीक्षणको दयरा बढाउनुपर्ने माग गरेका छन्। बुधबार बसेको राष्ट्रियसभाको बैठकको विशेष समयमा बोल्ने सांसदहरुले परीक्षण बढाउनुपर्ने, विदेशमा अलपत्र नेपालीहरुको उद्धार गर्नुपर्ने, सम्पूर्ण प्रदेशमा आवश्यक स्वास्थ्य उपकरणको उचित व्यवस्था गर्न माग गरेका हुन् ।

सांसद हरिराम चौधरीले सुदूरपश्चिमको स्वास्थ्य सेवाको अवस्था दयनिय रहेको बताए। अहिले संक्रमित नभएपनि भारतबाट रोजगार गुमाएका नागरिकहरुको लिकिछिपि फर्किने क्रम नरोकिएकाले भोलिका दिनमा समस्या हुन सक्ने उनले बताए । प्रदेशभरी ५, ६ वटा मात्रै आइसियुसहितका भेन्टिलेटर भएपनि त्यो पर्याप्त नभएको उनले बताए। प्रदेशमा कोरोनाका बिरामी मात्रै नभएर अन्य बिरामीहरु पनि समस्यामा रहेको उनले बताए । उनले प्रदेशमा पीसीआर परीक्षणको दायरा बढाउन आग्रह गरे ।

सांसद जितेन्द्र नारायण देवले कोरोना भाइरसका कारण विदेशमा अलपत्र नागरिकको तत्काल उद्धार गर्न आग्रह गरे । प्रतिपक्षी दलले पूर्वाग्रही ढंगले विदेशमा रहेका नेपालीको मुद्दा उठाइरहेको भन्ने प्रधानमन्त्री केपी शर्मा ओलीको अभिव्यक्तिको खण्डन गर्दै उनले जनताको बाँच्न पाउने अधिकारको संरक्षण गर्न आग्रह गरे । उनले भने, ‘४०, ४५ लाख नेपालीलाई ल्याउनुहोस् भनेका होइनौं, हामीले रोजगारी गुमेका, खाना नपाएका, स्वदेश आउनेहरुलाई ल्याउनुहोस् भनेका हौं । व्यवस्थित रुपमा परीक्षण गरेर ल्याउनुहोस्। आउन चाहानेहरुलाई नेपाली माटोमा बाँच्न दिउँ भनोका हौं ।’ उनले पीसीआर परीक्षणको दायरा बढाउन पनि माग गरे ।

सांसद शेखर कुमार सिंहले स्थानीय तहहरुमा व्यवस्थित क्वारेन्टाइनको संख्या बढाउन माग गरे । स्थानीय तहहरुले क्वारेन्टाइनमा नपठाएर भारतबाट आएकाहरुलाई सीमा नाकामा टहरा बनाएर राख्ने गरेको उनले बताए । अहिले धान र मकै रोप्ने समय भएकाले उन्नत बिउ, मलको समयमै व्जयवस्थापन गर्न पनि उनले माग गरे ।

सांसद रामनारायण विडारीले सीमा विवादको विषयमा आफ्ना कुराहरु राखे । नेपाल र भारतका पूर्व शासकहरुको गल्तिका कारण अहिलेको अफठ्यारो अवस्था सिर्जना भएको उल्लेख गर्दै उनले कुटनीतिक माध्यमबाट समस्या समाधान गर्नुपर्ने बताए । पूर्व शासकहरुको हेलचक्रयाइका कारणले कुटनैतिक रुपमा आप्ठ्यारो पर्ने, परराट्र नीतिमा अप्ठ्यारो पर्ने र दुबै देशका सम्बन्धित पदाधिकारीको बीचमा कुराकानी नहुने स्थिति आउन नदिन छिटो समस्या समाधान गर्न उनले आग्रह गरे ।

विडारीले सरकारले गाउँ गाउँमा किसानहरुका लागि मल, विउ र किटनाशक औषधिको व्यवस्था गर्न पनि माग गरे । किसानहरुको उत्पादन सरकारले गाउँबाट किनेर वितरण गर्नसके मात्रै भारतबाट तरकारी ल्याउनै पर्ने अवस्थाको अन्त्य हुने उनले बताए । जनताहरु लकडाउनमा रहेका बेला मन्त्री, सांसद र नेताहरुले धेरै हिँडडुल गर्नुभन्दा संक्रमण नियन्त्रण र रोकथामका लागि के गर्न सकिन्छ त्यतातिर काम गर्न आग्रह गरे । सांसद विडारीले पास वितरणमा अझै कडाई गर्न गृहमन्त्रालयलाई आग्रह गरे । २, ४ हजार रुपैयाँ भएका गुण्डाहरुले गाडीका पास लिएर हिड्ने तर जनतालाई आक्रान्त पार्ने काम नगर्न उनले आग्रह गरे ।

### नेपाल विशेष सेवा विधेयक पारित

काठमाडौं/मस- नेपाल विशेष सेवा विधेयक २०७६ राष्ट्रियसभाबाट पारित भएको छ। राष्ट्रियसभाको बुधबारको बैठकले विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित विधेयक पारित गरेको हो । कानून, न्याय तथा संसदीय मामिलामन्त्री तुम्बाहाम्फेले नेपाल विशेष सेवाको गठन र सञ्चालन सम्बन्धि कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई समितिको छलफलमा उठेका विषयहरु समावेश गरिएको जानकारी दिइन् । मुलुकको सुरक्षा, सार्वभौम सत्ता, भौगोलिक अखण्डता र नेपाली नागरिकको सुरक्षासँग जोडिएको कुराहरु समितिमा छलफल भएकाले त्यसलाई अगाडि बढाउँदै जानुपर्ने उनको भनाइ छ ।

यसअघि विधेयकमाथिको छलफलमा सहभागी हुँदै सांसद प्रमिला कुमारीले समितिमा भएको छलफल विपरितको विधेयक राष्ट्रियसभामा पेश भएको भन्दै आपत्ति जनाएकी थिइन् । सांसद कोमल वलीले ऐनमा राष्ट्रिय हित, राष्ट्रिय सुरक्षाका कुराहरु समेटिएको बताइन् । ऐनमा टेलिफोन ट्यापिङ गरिन्छ भन्ने कुरा समेटिएको भन्ने अफवाह फैलाइएको उनको भनाइ छ । पारित विधेयक अव प्रतिनिधिसभामा जानेछ ।

## परीक्षणको शुल्क तोकिएको छैन : मन्त्रालय




**काठमाडौं/मस-** स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ को परीक्षण पीसीआर विधिबाट सार्वजनिक स्वास्थ्य संस्थाले दिने निर्णय भएपनि शुल्क भने नतोकिएको जनाएको छ । केही सञ्चारमाध्यममा पीसीआर विधिबाट परीक्षण गराउँदा रु १५ हजार तोकेको भन्ने समाचार आएपछि मन्त्रालयले शुल्क नतोकिएको जानकारी गराएको हो ।

मन्त्रालयका आइसिएस कोर्डिनेटर डा गुणराज लोहनीले बुधबार विज्ञप्ति जारी गर्दै कोभिड १९ को परीक्षणको दायरा बढाउन सार्वजनिक स्वास्थ्य संस्थालाई पीसीआरबाट परीक्षण गर्न दिने भएता पनि शुल्क नतोकिएको जानकारी दिए ।

‘पीसीआर विधिबाट परीक्षणको लागि मन्त्रालयले दर तोकिदिने भएता पनि हालसम्म तोकि नसकेको व्यहोरा सर्वसाधारणमा जानकारी गराइन्छ,’ उनले भनेका छन्, ‘अहिले परीक्षणको दायरालाई व्यापक बनाउने कार्य मात्र गरिएको मात्रै हो, के कति शुल्क लाग्ने, प्रयोगशाला कस्तो हुने, सुरक्षा प्रवन्ध कसरी अपनाउनेलगायतका विषयमा छलफल र निर्णय हुन बाँकी नै रहेको छ ।’

मंगलबार मन्त्रालयले स्वेच्छाले कोभिड १९ को परीक्षण गराउन चाहने स्वदेशी तथा विदेशी नागरिकलाई राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाबाट तोकिएको मापदण्ड र सूचनाको गोपनीयता तथा नियमित रिपोर्टिङ गर्ने शर्त पालना गर्ने गरी सार्वजनिक स्वास्थ्य संस्थामार्फत परीक्षण सःशुल्क गराउने निर्णय गरेको थियो । उनले मंगलबार गरिएको उक्त निर्णयलाई केही अनलाइन मिडियाले निजी संस्थाबाट पनि परीक्षण गराउन रु १५ हजार तोकिएको भनी समाचार सम्प्रेषण गरेको र यसैलाई आधार मानी सर्वसाधारणले व्यक्त गरेका धेरै प्रतिक्रियाप्रति मन्त्रालयको ध्यानाकर्षण भएको जनाएका छन् ।

उनले सार्वजनिक अस्पतालमा लामबद्ध भएर समय खेर फाल्न नचाहने र भीडभाडमा गएर जोखिम मोल्न नचाहने स्वदेशी तथा विदेशीको अनुरोधमा नै मन्त्रालयले सःशुल्क परीक्षणको व्यवस्था गर्न लागेको जानकारी दिए । ‘निःशुल्क परीक्षण गराउने कि सःशुल्क परीक्षण गराउने सो व्यक्तिको इच्छामा भरपर्ने कुरा हो,’ उनले भनेका छन्, ‘सःशुल्क परीक्षण गर्ने संस्थाले परीक्षणको लागि तोकिएको सम्पूर्ण मापदण्ड पुर्‍याएको हुनुपर्दछ । त्यहाँबाट भएका परीक्षणको गोपनीयता कायम गर्दै नियमित रिपोर्टिङ राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामा पठाउनुपर्दछ ।’

## रामग्राम जेसीजद्वारा पत्रकार र स्वास्थ्यकर्मीलाई स्वास्थ्य सामग्री वितरण




गौरीशंकर जयसवाल/मध्यान्ह
परासी, ७ जेठ

रामग्राम जेसीज पश्चिम नवलपरासीले कोरोना भाइरस (कोभिड-१९) संक्रमण नियन्त्रणमा अग्रपङ्तिमा खटिने पत्रकार र स्वास्थ्यकर्मीहरुका लागि स्वास्थ्य सामग्री वितरण गरेको छ । पत्रकारिता क्षेत्रमा क्रियाशील पत्रकारहरूले जोखिम मोलेर स्थलगत रिपोर्टिङमा पुग्नुपर्ने भएकोले बुधवार स्वास्थ्य सुरक्षाका लागि सामग्री वितरण गरिएको रामग्राम जेसीज पश्चिम नवलपरासीका अध्यक्ष सन्दीप अग्रहरिले बताए । पत्रकारलाई १ थान एन नाइन्टी फाइभ मास्क, चिउरा २ पोका र सेनेटाइजर १ थानलगायतका स्वास्थ्य समग्री २१ जनालाई वितरण गरिएको जेसीजका कार्यक्रम संयोजक मोहन पौडेले जानकारी दिए ।

यस्तै २९ जनास्वास्थ्यकर्मीलाई १ थान एन नाइन्टी फाइभ मास्क, चिउरा २ पोका र सेनिटाइजर १ थानका दरले वितरण गरिएको थियो भने २९ जना नर्सलाई ग्लोब्स् वितरण गरिएको जेसीजका महासचिव चन्द्रमणी चौधरीले बताए ।

स्वास्थ्य सामग्री हस्तान्तरण कार्यक्रममा नेपाल पत्रकार महासंघ पश्चिम नवलपरासीका अध्यक्ष हरि शर्माले कोभिड-१९ संक्रमण नियन्त्रणमा खटिएका पत्रकार र स्वास्थ्यकर्मीहरुलाई विभिन्न संघ, संस्थाहरुले सुरक्षा सामग्री प्रदान गरेर हौसला बढाएको बताए । अध्यक्ष शर्माले संक्रमणको समयमा खटिंदा जिम्मेवार भएर सत्य तथ्यको आधारमा समाचार लेख्न पत्रकारहरुलाई आग्रह गरे ।

पृथ्वी चन्द्र अस्पतालका निमित्त प्रमुख मेडिकल सुपरिटेन्डेन्ट मोहमद नुरुल होदाले कोभिड-१९ संक्रमणमा स्वास्थ्यकर्मीहरु जोखिम मोलेर काम गरिरहेको अवस्थामा रामग्राम जेसीजद्वारा प्राप्त स्वास्थ्य सामग्रीले ठूलो महत्व राख्ने बताए ।

पश्चिम नवलपरासीको सदरमुकाम परासीका क्रियाशील पत्रकारहरू र स्वास्थ्यकर्मीलाई स्वास्थ्य सुरक्षा सामग्री वितरण गरी कोरोना संक्रमण नियन्त्रणमा रामग्राम जेसीजले सहयोग पुर्‍याएको नेपाल पत्रकार महासंघका सचिव राजकुमार रेग्मीले बताए । कार्यक्रममा रामग्राम जेसीजका पूर्व अध्यक्षद्वय सञ्जय पाठक र मेघराज गौतम र जेसीजका निवर्तमान अध्यक्ष नारायण सुवेदीलागायतको उपस्थिति थियो ।

## नवलपरासीका दोस्रो कोरोना संक्रमित मुम्बईबाट आएका




सहबान अन्सारी/मध्यान्ह
नवलपरासी, ७ जेठ

नवलपरासीमा थप एकजनामा कोरोना संक्रमण देखिएको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले जनाएको छ। सुस्ता गाउँपालिका वडा नं ५ बेलवानी बस्ने २६ वर्षीय युवामा कोरोना पोजेटिभ देखिएको हो ।

क्वारेन्टाइनबाट पछिल्लो पटक ५५ जनाको स्वाब संलकन गरी परीक्षणका लागि काठमाडौं पठाइएकोमा एक जनामा कारोना पोजिटिभ देखिएको हो भने ४० जनाको रिपोर्ट नेगेटिभ आएको र बाँकी रिपोर्ट चाँडै आउने जिल्ला स्वास्थ्य कार्यालय नवलपरासीले जनाएको छ ।

संक्रमित युवा केही महिना पहिला रोजगारीको सिलसिलामा भारतको मुम्बई गएको र भारतमा लकडाउन खुकुलो भएपछि बैशाख ३० गतेका दिन भारतको बिहारबाट नारायणी नदीको बाटो प्रयोग गरी आफु भन्दा कान्छो भाइको सहयोगमा नेपाल प्रवेश गरेका स्थानीय धरमेन्द्र जायसवालले बताए । आफ्नै दाइको सम्पर्कमा आएपछि दुबै जनालाई बेलवानीस्थित क्वारेनटाइनमा पठाइएको थियो ।

यसअघि चिल्लाना पहिलो संक्रमितका रुपमा प्रतापपुर गाउँपालिका वडा नं. ५ बैदौलीका ३६ वर्षीय युवकमा बैशाख ३१ गतेका दिन कोरोना संक्रमण भेटिएको थियो । यसरी जिल्लामा कुल कोरोना संक्रमितको संख्या २ पुगेको छ ।

## नक्कली प्रेस कार्ड बोकेर चोरी



**काठमाडौं/मस-** नक्कली प्रेस कार्ड बोकेर चोरी गर्दै आएका दुईजना पक्राउ परेका छन् । पक्राउ पर्नेमा काठमाडौं धुम्बाराही बस्दै आएका २१ वर्षीय आश्रय रिजाल भन्ने हिमाल रसाइली र काठमाडौं ओमबहाल बस्दै आएका २८ वर्षीय अलि आलम मिया छन् । उनीहरुलाई चावहिल भत्केको पुलबाट महानगरीय अपराध महाशाखा र वृत्त गौशालाको टोलीले पक्राउ गरेको हो ।

उनीहरुले सिनामंगलस्थित एक ब्वाइज होस्टेलबाट ४ थान ल्यापटप चोरेका थिए । यस्तै गत चैत २४ गते भत्केको पुलस्थित डाक्टर सुबिन मानन्धरको घरबाट ल्यापटप, आइप्याड चोरी गरेको खुलेको छ ।

अनुसन्धानका क्रममा सीसीटीभी फुटेजबाट उनीहरुलाई पत्ता लगाएको महानगरीय अपराध महाशाखाले जनाएको छ । प्रहरीका अनुसार अनुन्धानका क्रममा एभेन्जर मोटरसाइकल रोकेर सोधपुछ गर्दा उनीहरुले प्रेस कार्ड देखाएका थिए ।

शंका लागेर उनीहरुको झोला चेक गर्ने क्रममा ल्यापटप, मोबाइल, क्यामेरा, ५३ हजार नेपाली रुपैयाँ, ३ सय अमेरिकन डलर, चाइनिय युयान २ सय बरामद भएको छ । उनीहरुका साथबाट प्रेस कार्ड समेत बरामद गरिएको महाशाखाका एसपी ईश्वर कार्कीले जानकारी दिए ।

## क्वारेन्टाइनको सुरक्षामा नेपाली सेना

**जुम्ला/रासस-** जुम्लाको सदरमुकाम खलङ्गास्थित कर्णाली प्राविधिक शिक्षालयमा निर्माण गरिएको जिल्लास्तरीय एकीकृत क्वारेन्टाइनको रेखदेखको जिम्मेवारी नेपाली सेनालाई दिएको छ ।

जिल्ला सुरक्षा समितिको बैठकले क्वारेन्टाइन रेखदेखको जिम्मेवारी नेपाली सेनालाई दिएको हो । यसअघि स्थानीय तहमा निर्माण गरिएका क्वारेन्टाइनमा सुरक्षा अभावले नागरिक बस्न नमान्ने र बसेका पनि १४ दिन अभावै घर जाने गरेकाले जिल्लामै एकीकृत क्वारेन्टाइन निर्माण गरी त्यसको सुरक्षाको जिम्मेवारी नेपाली सेनालाई दिएको प्रमुख जिल्ला अधिकारी दुर्गा बञ्जाडेले बताए ।

बाहिरबाट आएपछि अनिवार्य रुपमा जिल्लास्तरीय एकीकृत क्वारेन्टाइनमा बस्नुपर्ने व्यवस्था मिलाएको छ। देशभित्र र भारतबाट आएका १४ जना एकीकृत क्वारेन्टाइनमा थपिएका छन् ।

भारतको पिथौँरागढदेखि बाजुरा जिल्ला हुदैं मुगु भएर कनकासुन्दरी गाउँपालिकामा आएका ६ जनालाई एकीकृत क्वारेन्टाइनमा राखिएको प्रहरी नायब उपरीक्षक लालबहादुर धामीले बताए । उनले भने, ‘त्यस्तै तिलाका तीनजना र सिञ्जाका पाँचजनालाई पनि एम्बुलेन्समा ल्याएर क्वारेन्टाइनमा राखिएको हो ।’

यसअघि भारतको रुपैडिहा नाकाबाट आएका २९ जनालाई क्वारेन्टाइनमा राखिएको छ। रुपैडिहा नाकाबाट उद्धार गरी ल्याएका २९ जना नागरिकलाई कर्णाली प्राविधिक शिक्षालय जुम्लाको एकीकृत क्वारेन्टाइनमा राखिएको सहायक प्रमुख जिल्ला अधिकारी ओमप्रकाश देवकोटाले जानकारी दिए । उनका अनुसार भारतबाट सरकारको निगरानीमा आएकामध्ये हिमा गाउँपालिकाका २५, कनकासुन्दरीका एक, तिलाकाका एक, हुम्लाका एक र मुगुका एक गरी २९ जनालाई क्वारेन्टाइनमा राखिएको छ ।

## कपिलवस्तुको क्वारेन्टाइनबाट ११ जना भागे



**कपिलवस्तु/रासस-** यशोधरा गाउँपालिका वडा नं ६ को वासुदेव जनता माविको क्वारेन्टाइनबाट ११ व्यक्ति भागेका छन्। सोमबार तीन र मंगलबार आठ गरी ११ जना भागेका हुन्। भागेकाहरु सो वडाका रतनपुर र भैसाही गाउँको रहेको यशोधरा गाउँपालिकाका अध्यक्ष गिरजेश पाण्डेयले जानकारी दिए ।

पन्ध्र दिनको क्वारेन्टाइन अवधि पूरा भएपनि किट अभाव भन्दै करीब २० दिनसम्म परीक्षण नगरिएपछि उनीहरु भागेको उनले बताए । उनले भने, ‘संघ र प्रदेश सरकारले समयमै परीक्षण किट उपलब्ध गराउन नसक्दा समस्या झन् बल्झिएको छ ।’ खेतीको समय रहेकाले उनीहरु भागेको हुन सक्ने वडा नम्बर ६ का वडाध्यक्ष श्यामनारायण उपाध्यायले बताए । दुई दिनमा गरी ११ जना भागेपछि खोजी गर्न प्रहरीचौकी रंगपुर, प्रशासन र गाउँपालिकालाई पत्राचार गरिएको वडाध्यक्ष उपाध्यायले बताए ।

गत शनिबार मात्रै यशोधरा ८ को खोरियास्थित सरस्वती प्राथमिक विद्यालय र सिहोखोरस्थित राष्ट्रिय निमाविमा रहेका ४६ जना क्वारेन्टाइनबाट भागेका थिए । उनीहरुलाई भागेको दुई दिनपछि फर्काएर पुनः सरस्वती विद्यालयमा निर्मित क्वारेन्टाइनमा राखिएको छ।

त्यस्तै सोमबार राति वडा नम्बर ५ को अनिरुद्ध पब्लिक माध्यमिक विद्यालयको क्वारेन्टाइनबाट समेत चार जना भागेका थिए । भागेका सबैलाई पुनः क्वारेन्टाइनमा ल्याइएको कपिलवस्तुका प्रहरी उपरीक्षक दीपशम्शेर जबराले जानकारी दिए। क्वारेन्टाइन सञ्चालन गरिका कतिपय स्थानमा पङ्खालगायत सुविधा र समयमै स्वाब परीक्षणको व्यवस्था नहुँदा क्वारेन्टाइनमा राख्न समस्या भएको संयोजक ज्योति दुबेले बताए ।

कपिलवस्तुमा अहिलेसम्म ४७ कोरोना सङ्क्रमित भेटिएका छन् । कपिलवस्तुका दश स्थानीय तहका क्वारेन्टाइनमा सात हजार ४५१ जना छन्। हालसम्म क्वारेन्टाइनमा बसेर एक हजार ८०४ जना डिस्चार्ज भएका छन् । जिल्लामा पीसीआरका लागि आवश्यक पर्ने एक हजार ७६५ भिटिएम किट उपलब्ध भएकामा करीब एक हजार चार सय जनाको स्वाब संकलन भएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

## दोलखामा १ पुरुषमा आरडीटी पोजेटिभ




राजन बस्नेत/मध्यान्ह
दोलखा, ७ जेठ

दोलखाको सदरमुकामस्थित प्रस्तावित चरिकोट अस्पतालमा बुधबार गरिएको आरडीटी टेष्टमा एक जनाको रिपोर्ट पोजिटिभ आएको छ। स्वास्थ्य कार्यालय दोलखाका अनुसार प्रस्तावित चरिकोट अस्पतालमा एक जना पुरुषमा कोरोना भाइरस संक्रमण भए नभएको टेष्ट गर्न आरडीटी अर्थात द्रुत विधिबाट टेष्ट गरिएको थियो ।

टेष्टका क्रममा उक्त व्यक्तिलाई कोरोना भाइरसको संक्रमण भएको स्वास्थ्य कार्यालय दोलखाका प्रमुख विभुकुमार झाले जानकारी दिए। संक्रमित भएका व्यक्तिलाई आइसोलेशनमा राखिएको छ। पीसीआर विधिबाट परीक्षण गर्न स्वाब संकलन गरी पठाइएको छ ।

पीसीआर रिपोर्ट आएपछि मात्रै कोरोना संक्रमण पुष्टि हुने स्वास्थ्य कार्यालय दोलखाले जनाएको छ । आरडीटी किटमा रिपोर्ट पोजिटिभ आउँदा पीसीआर टेष्टमा रिपोर्ट नेगेटिभ आउने सम्भावना हुने भन्दै कोरोना पोजेटिभ देखिएका व्यक्तिमा कोरोना संक्रमण भए नभएकोबारे पीसीआर रिपोर्ट आएपछि एकिन हुने स्वास्थ्य कार्यालय दोलखाले जनाएको छ ।

प्रस्तावित चरिकोट अस्पतालमा बुधबारमात्रै ९७ जनाको आरडीटी विधिबाट कोरोना संक्रमण भए नभएको चेक गरिएको थियो । ५६ जना महिला र ४१ जना पुरुषको कोरोना परीक्षण गरिएकामा एक जनाको रिपोर्ट पोजेटिभ आएको हो ।

हाल सम्म दोलखाको ९ वटै स्थानीय तहमा ४ सय ४२ पुरुष र १ सय २२ महिला गरी ५ सय ६४ जनाको आरडीटी विधिबाट कोरोना परीक्षण गरिएको जिल्ला स्वास्थ्य कार्यालय दोलखाले जनाएको छ ।

# खेलकुद विकास ऐन

# अब प्रमाणीकरणको चरणमा

मुक्ति रेग्मी/मध्यान्ह
काठमाडौं, ७ जेठ




खेलकुद विकास विधेयक राष्ट्रिय सभाबाट पुनः पारित भएको छ । पारित भएसँगै राष्ट्रपति विद्यादेवी भण्डारीले प्रमाणीकरण गरेपछि लागूहुने छ। यो ऐन लागू भएपछि खेलकुद विकास ऐन २०४८ विस्थापित गर्ने छ ।

गत वर्ष राष्ट्रिय सभामा उत्पत्ति भएको उक्त ऐन त्यहाँबाट पारित भएर प्रतिनिधि सभामा पुगेको थियो । प्रतिनिधि सभाका सांसदहरुले संशोधनसहित पारित गर्दै पुनः राष्ट्रिय सभामा पठाएका थिए । राष्ट्रिय सभाबाट वुधबार सर्वसम्मतिले परित भएपछि उक्त ऐन प्रमाणीकरणका लागि अब राष्ट्रपति कार्यालयमा जाने छ। नयाँ ऐन लागू भएपछि खेलकुदको विकासमा ठूलो योगदान पुग्ने संघीय सांसद्समेत रहेका नेपाल ओलम्पिक कमिटीका अध्यक्ष जीवनराम श्रेष्ठले बताए ।

यस्तै युवा तथा खेलकुदमन्त्री जगतबहादुर विश्वकर्मा सुनारले राष्ट्रियसभाबाट खेलकुद विकास ऐन २०७५ पारित भएकोमा खुशी व्यक्त गरेका छन् ।


मन्त्री विश्वकर्माले भने 'संघीय संरचना अनुरुप नेपाली खेलकुदको ढाँचा परिवर्तन गर्न यो ऐनले ठूलो भूमिका खेल्ने र खेल क्षेत्रका वर्तमान समस्या र चुनौतीहरुलाई समाधान गर्नका लागि सजिलो हुनेछ ।'

नयाँ ऐन लागू भएपछि नेपाली खेलकुदको सर्वोच्च निकाय राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य सचिवको अधिकार पनि कटौती हुने छ । अहिले कार्यकारी भूमिकामा रहेका सदस्यसचिव नयाँ ऐन प्रारम्भ भएपछि सात जनाको कार्यकारीणी समिति हुने र त्यो समितिले गरेको निर्णयहरु मात्रै कार्यान्वयन गराउन पाउने छन् ।

यस्तै सदस्य सचिव बन्नका लागि विगतमा राजनीति शक्ति केन्द्र धाए पुग्ने अवस्थालाई अन्त्य गर्दै योग्यता नै चाहिने स्पष्ट व्यवस्था गरेको छ । ऐनले पहिला खेलकुदमन्त्रीले निर्णय गरेर सदस्य सचिव बनाउन सकिने व्यवस्था रहेकोमा अहिले छनोट समितिले गरेको सिफारिसका आधारमा निर्णय गरिने छ । यस्तै खेलकुदका कर्मचारीहरु पनि विभिन्न खेल संघको पदाधिकारीको हैसियतमा काम गर्दा पारदर्शिता कायम गर्न नसकिएको भन्दै यो ऐनले कर्मचारीलाई खेल संघको पदाधिकारीमा बर्जित गरेको छ । यसैगरी एउटै प्रकृतिका २ वा सो भन्दा बढी बनाउन नपाउने व्यवस्था पनि गरेको छ भने ऐनले नेपाल ओलम्पिक कमिटिको विवाद औपचारिक रुपमा अन्त्य पनि गरेको छ । यस्तै खेल संघहरुमा एउटै पदमा दुई कार्यकाल भन्दा बढी बस्न नपाउने व्यवस्था पनि ऐनमा गरिएको छ । खेलसंघहरुको आवधिक निर्वाचन प्रणाली मार्फत नेतृत्व चयन गर्नुपर्ने छ भने ओलम्पिक कमिटी र अन्य खेलसंघले विदेशी सहयोग लिँदा त्यसको जानकारी नेपाल सरकारलाई गराउनु पर्ने छ भने खर्चको पनि लेखा परीक्षण गराउनु पर्ने छ ।

राष्ट्रियसभाबाट पुनः पारित भएर राष्ट्रपति कार्यालयमा प्रमाणीकरणका लागि लैजाने तयारी गरिएको ऐनले भलिबललाई नै राष्ट्रिय खेलको रुपमा ब्याख्या गरेको छ।

# अम्पुन आँधीको त्रास



**भारत/एजेन्सी–** भारतको पूर्वी तटीय इलाकामा अम्पुन आँधी आउने पूर्वानुमानपछि यहाँ उच्च सतर्कता अपनाइएको छ । विशेषगरी यहाँको पश्चिम बंगाल राज्यमा आँधीबाट बच्न सतर्कता अपनाइएको बताइएको छ ।

विशेषगरी बुधबार आँधीको डर रहेको मौसम पूर्वानुमान गरेपछि मंगलबारदेखि नै यहाँको जनजीवनमा त्रास फैलिएको थियो। भारतीय अधिकारीहरुले आँधीको बढी क्षति हुनसक्ने पूर्वानुमान गरिएका स्थानमा उद्धारको कार्य थालेका छन् ।

भारत सरकारका निकायहरुले नागरिकलाई सुरक्षित रहन र आँधीबाट बचन सार्वजनिक सञ्चारमाध्यमहरुबाट सूचना प्रकाशन तथा प्रसारण गरेका छन् ।

यस आँधीबाट स्थानीय मानिसलाई सुरक्षित राख्न ओडिसा राज्यका विभिन्न स्थानबाट उद्धार पनि थालिएको बताइएको छ। उक्त राज्यका विभिन्न स्थानबाट बुधबार मात्र अधिकारीहरुले करिब डेढ लाख मानिसको उद्धार गरी सुरक्षित स्थानमा सारिएको बताएका छन् ।

पश्चिम बंगालको सुन्दरवन नजिक बुधबार अम्पुन आँधीले ठूलै खतरा आउनसक्ने पूर्वानुमान गरिएको बताइएको छ । त्यसैले सो क्षेत्रमा विशेष सुरक्षा सतर्कता अपनाइएको छ ।

अम्पुन आँधी पारादिपबाट दक्षिण-पूर्व ११० किलोमिटर टाढा देखिएको पनि बताइएको छ । यो आँधी प्रतिघण्टा १८-१९ किलोमिटरको गतिमा रहेको अनुमान यहाँका मौसमविद्हरुले गरेका छन् । बुधबार साँझसम्म यो आँधी पश्चिम बंगालमा आइपुग्ने खतरा देखिएको बताइएको छ। यस क्षेत्रमा आज अपरान्हदेखिको ६ देखि ८ घण्टाको समय निकै चुनौतीपूर्ण रहने बताइएको छ ।

भारतीय जलविज्ञान विभागले अम्पुन आँधी पश्चिम बंगाल-बंगलादेशको तटीय इलाका हुँदै अघि बढ्ने पूर्वानुमान गरेको छ ।

# भारतमा एकै दिनमा २०४ वटा मजदुर विशेष रेल सञ्चालन



**भारत/एजेन्सी–** भारतको रेल सेवाले एकै दिनमा २०४ ओटा मजदुर विषेश रेल सञ्चालन गरिएको जनाएको छ । रेल मार्ग मन्त्री प्युष गोयलले मंगलबार यती धेरै मजदुर विषेश रेल सञ्जालन गरिएको बुधबार जानकारी दिएका हुन् ।

उनले सामाजिक सञ्जाल ट्वीटरमार्फत् प्रति दिन झण्डै दुई सय श्रमिक रेल सञ्चालन गराउने आफ्नो प्रतिवद्धताअनुसार उनीहरुलाई सञ्चालनमा ल्याइएको स्पष्ट पारेका छन् । लकडाउनका कारण विभिन्न प्रदेशका अलपत्र परेका मजदुरहरुलाई जान चाहेको ठाउँमा लैजाने गरी यस्ता विषेश रेल सेवा सञ्चालन गरिएको उनको भनाइ छ ।

'हामीले अघिल्लो दिन झण्डै दुई सय रेल सञ्चालन गर्न सक्दछौं भन्ने प्रतिबद्धता गरेका थियौं, त्यही अनुसार मंगलबार दुई सयभन्दा बढी रेल सञ्चालन गरिएको छ,' उनले लेखेका छन् । विषेश रेल सेवा सञ्चालन भएदेखि अहिलेसम्म एक हजार ७७३ ओटा विषेश रेल सेवा सञ्चालन भइसकेको उनले जानकारी दिए ।

उनले आगामी दिनमा मंगलबारभन्दा धेरै रेल सेवाहरु सञ्चालन गर्ने योजना रहेको पनि बताए । त्यसका लागि चाडै नै अनलाईनबाट टिकट बुकिङ गर्ने व्यवस्था हुने पनि उनले उल्लेख गरेका छन् ।

# वेष्ट इण्डिज क्रिकेट बोर्डमा अनियमितता



**जमैका, एजेन्सी–** वेष्ट इण्डिज क्रिकेट बोर्डको आर्थिक प्रणालीमा चरम अनियमितता देखिएको छ । बोर्डको अडिट रिपोर्टले लेखा प्रणालीमै गम्भीर कमजोरी रहेको अध्यक्ष रिकी स्केरिटले बताए । स्वतन्त्रण लेखा परीक्षकबाट अडिट भएको वेष्ट इण्डिज क्रिकेट बोर्डको लेखामा देखिएको अनियमितताका कारण बोर्डको भविष्य नै संकटमा पर्न सक्ने अध्यक्षलाई उदृत गर्दै क्रिकइन्फोले उल्लेख गरेको छ । अहिले वेष्ट इण्डिज क्रिकेट बोर्डले खेलाडीलाई म्याच फी पनि दिन सकेको छैन भने तरलताको अभाव देखिएको छ । यो अवस्था अघिल्ला कार्यसमितिबाटै सुरु भएको बताइएको छ। बोर्डको एकाउन्टबाट तीन लाख अमेरिकी डलरभन्दा बढी रकम खेर गएको पनि देखिएको छ। बोर्डले मासिक १९ हजार अमेरिकी डलर आम्दानी गर्दै आएको छ ।

पछिल्लो ३४ महिनामा ६ लाख ४६ हजार डलर आम्दानी गरेको छ। तर, झण्डै तीन लाख ६ हजार अमेरिकी डलर अनावस्यक रुपमा प्रिमियम तिरेको देखिएको छ ।

जसको ठोस कारण खुलाइएको छैन । बोर्डको आर्थिक प्रणालीमा ठूलो चुहावट रहेको निष्कर्ष अडिट रिपोर्टमा देखिएको छ ।

# अकमलले गरे अपिल



**इस्लामावाद्, एजेन्सी–** पाकिस्तान क्रिकेट बोर्डको तीन बर्षको प्रतिबन्धमा परेका उमर अकमलले अपिल गरेका छन् । उनले बोर्डले लगाएको प्रतिबन्धको अवधि कम हुनेसक्ने भन्दै अपिल गरेका हुन् ।

यो बर्षको पाकिस्तान सुपर लिगमा फिक्सरले खेल फिक्सिङका लागि कुरा गर्दा त्यो कुरा लुकाएको भन्दै पीसीबीले उनलाई तीन बर्षको प्रतिबन्ध लगाएको हो। त्यसकाविरुद्ध उनले गरेको अपिललाई तथष्ट निर्णायक समुहले निर्णय गर्नेछन् ।

अकमललाई पीसीबीले दुई वटा नियम उलंघन गरेको भन्दै प्रतिबन्ध लगाएको हो । उनले आफूमाथि लगाउको प्रतिबन्ध अनुचित भएको भन्दै आएका थिए ।

उनले अरु स्पोट फिक्सिङ गर्ने खेलाडीलाई पनि आफ्नो भन्दा कम कारवाहि सुनाएको बताइएको छ। अब उनको प्रतिबन्धको निर्णय कहिले हुने भन्ने एकिन छैन ।

# पाकिस्तानमा पनि बढ्दै कोरोना भाइरसका संक्रमित



**पाकिस्तान/एजेन्सी–** पाकिस्तानमा कोरोनाभाइरस संक्रमितको संख्या बढ्दै गएको छ। प्राप्त समाचारअनुसार पाकिस्तानमा संक्रमितको संख्या ४५ हजार ८९८ पुगेको बुधबार पाकिस्तानी अधिकारीले बताएका छन् । विगत २४ घण्टामा पाकिस्तानमा दुई हजार भन्दा बढी संक्रमित थपिएका बताइएको छ ।

पाकिस्तानमा संक्रमितमध्येका ९८५ व्यक्तिको अहिलेसम्म मृत्यु भएको पनि अधिकारीहरले जानकारी दिएका छन् । वर्ल्डओमिटरले जनाएअनुसार पाकिस्तनमा बुधबार मात्र ४६ जना संक्रमितको ज्यान गएको छ ।

विगत २४ घण्टा भित्रमा यहाँका ५० जनाको मृत्यु भएको र दुई हजार जनाभन्दा बढी संक्रमित थपिएको वर्ल्डओमिटरले जनाएको छ। पाकिस्तानी समाचार संस्था जिओ न्यूजले सबैभन्दा बढी प्रभावित पाकिस्तानको सिन्ध राज्यमा रहेको बताएको छ । सो राज्यमा १७ हजार भन्दा बढी व्यक्ति संक्रमणमा परेका छन् ।

त्यसैगरी पञ्जावमा १६ हजार, खैबर पाख्तुनख्वामा छ हजार ३२५, बलुचिस्तानमा दुई हजार ८२० गिलगित बाल्टिस्तानमा ५५०, इस्लामावादमा एक हजार ३४ र पाकिस्तान प्रशासित काश्मिरमा ११५ जना संक्रमित रहेका छन् ।

संक्रमितहरुमध्ये १३ हजार १०१ जना व्यक्ति उपचारपछि निको भएर घर फर्किएका पनि प्राप्त समाचारमा जनाइएको छ। अधिकारीहरुले यहाँका विभिन्न अस्पतालमा ३१ ह्जार ८१२ जना संक्रमितले उपचार गराइरहेको जनाएका छन् ।

# राशिद खान बलिङ गर्न डराउने !





अफगानिस्तानका स्पिन बलर राशिद खान अहिलेको उत्कृष्ट खेलाडी हुन् । अलराउण्डर राशिद ब्याट भन्दा पनि बलबाट बढी चर्चामा हुने गर्छन् । उनको बलिङ फेस गर्नका लागि विश्वका स्टार ब्याट्सम्यानहरुलाई पनि हम्मे हम्मे हुने गरेको हुन्छ । अहिले कोरोना भाइरसको महामारीका कारण लकडाउन भएकाले क्रिकेटरहरु सामाजिक सञ्जाल मार्फत समर्थकसँग जोडिएका छन् ।

भारतीय क्रिकेट बोर्ड बीसीसीआईले लकडाउनको समयमा भारतीय क्रिकेटरका लागि लन्च गरेको 'वर्क फ्रम होम' कार्यक्रमका लागि इन्टाग्रामको लाइभमा राशिदले आफूले बलिङ गर्दा अप्ठेरो महशुस गर्ने खेलाडीको विषयमा जानकारी दिएका हुन् । २१ वर्षीय राशिदले वेस्टइण्डिजका क्रिस गेल, आन्द्रे रसेल तथा भारतका हार्दिक पाण्ड्यासँग बलिङ गर्न अप्ठेरो हुने बताएका हुन् ।

आईपीएलमा सनराईजर्स हैदराबादबाट खेल्ने राशिदले विश्वका अन्य फ्रेन्चाइज लिग पनि खेलिसकेका छन् ।

# इन्जिन निर्माता रोल्स–रोयसबाट ९ हजार कर्मचारी कटौती




**लन्डन/एजेन्सी–** बेलायतको हवाई जहाजका लागि इन्जिन निर्माता कम्पनी रोल्स-रोयसले कोरोनाभाइरसका कारण आर्थिक संकट देखिएको भन्दै आफ्नो कम्पनीमा आबद्ध कम्तीमा ९ हजार कर्मचारीलाई विदाई गर्ने जनाएको छ । कम्पनीको प्रमुख कार्यकारी वारेन इस्टले वर्तमान संकट आफूहरुका कारण सिर्जना नभएको जनाउँदै यस संकटलाई सबैले मिलेर सामना गर्नुको विकल्प नरहेको बताएका छन् ।

उनले जारी गरेको वक्तव्यमा विश्वभर छरिएर रहेका कम्पनीमा कार्यरत २५ प्रतिशत कर्मचारी हटाउनै पर्ने स्थितिमा आफूहरु पुगेको स्पष्ट गरेका छन् । इन्टले भनेका छन्, 'हाम्रा हवाई ग्राहकहरु पनि यस्तै समस्यासँग जुधिरहेका छन् र हामीले पनि त्यही पदचिह्नमा हिँड्नुको विकल्प छैन ।' रोल्स रोयल्समा हाल विश्वभर करिब ५२ हजार कर्मचारी छन् । कर्मचारी कटौतीबाट कम्पनीको वार्षिक बचत १ अर्ब ६० करोड डलरभन्दा बढी हुनेछ ।

# ग्यास दुर्घटनाका बारेमा एलजीका अध्यक्षले माफी मागे



**सियोल/एजेन्सी–** एलजी समूहका अध्यक्ष कू ग्वाङ-मोले भारतको विशाखापटनमस्थित एलजी केमिकल्समा दुई साताअघि भएको दुर्घटनाप्रति दुःख व्यक्त गरेका छन् । ग्यास चुहिएर भएको उक्त दुर्घटनामा १२ जनाको मृत्यु हुनुका साथै कम्तीमा एक हजार व्यक्ति घाइते भएका थिए ।

दक्षिण कोरियामा व्यावसायिक घरानाबाट संचालित उद्योग समूहमध्ये यो चौथो ठूलो समूह हो। दक्षिण कोरियाको सबैभन्दा ठूलो रसायन कम्पनीमध्येको एक एलजी केमिकल्सको सहायक कम्पनीका रुपमा भारतमा एलजी पोलिमर्सका रुपमा उद्योग सञ्चालनमा छ ।

गत बुधबार पनि दक्षिण कोरियाको सियोसानमा रहेको एलजी केमिकल्समा आगलागी हुँदा एक जना अनुसन्धाताको मृत्यु हुनुका साथै दुई जना मजदूर घाइते भएका छन् ।

एलजी केमिकलसले पेट्रोकेमिकल्स, प्लास्टिक रेजिन र इन्जिनियरिङ प्लास्टिक उत्पादन गर्दछ । यसका कारखनाहरु दक्षिण कोरिया सहित संयुक्तराज्य अमेरिका, ब्राजिल, चीन र अस्ट्रेलिया समेत धेरै देशमा रहेका छन् ।

यस कम्पनीले औद्योगिक तथा इलेक्ट्रोनिक्स सामग्रीका साथै हाइब्रिड र इलेक्ट्रिक कारका लागि उच्च उणस्तरका ब्याट्रीको उत्पादन गर्दछ। यसका ग्राहकहरुमा मर्सिडिज बेन्ज, भोल्भो, भक्सवागेन र बिएमडब्लु कारहरु रहेका छन् । एलजी केमिकल्सले गत वर्ष २४ अर्ब ५० करोड अमेरिकी डलर बराबरको सामान बिक्री गरेको थियो भने संचालन नाफा ८ करोड डलर गरेको थियो ।

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**बालाजु स्कूल अफ ईन्जिनियरिङ्ग एण्ड टेक्नोलोजी,**

**बालाजु, काठमाण्डौं**

**दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना**

प्रकाशित मिति :- २०७७/०२/०८

यस स्कूलको मिति २०७७/०१/२१ गते नागरिक राष्ट्रिय दैनिकमा प्रकाशित सिलवन्दी दरभाउपत्र प्राप्त मध्ये न्यूनतम मूल्यांकित र सारभूतरुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ (संशोधन २०७३) समेतको दफा २७ (१) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीका लागि दरभाउपत्र स्वीकृति गर्ने आशयको सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | बोलपत्रदाताको नाम | कामको विवरण | कबोल अंक रु. (मू.अ.कर बाहेक) |
|---|---|---|---|
| CTEVT/BSET-076/077-Civil-02 | Pasupatinath Construction | Library Block Classroom Construction work | १७,३०८००/२० (सत्र लाख तीस हजार आठ सय वीस मात्र |
| CTEVT/BSET-076/077-Civil-03 | Pasupatinath Construction | Workshop Construction & Painting work | १७,१७८४५/३० (सत्र लाख सत्र हजार आठ सय पैंचालिस पैसा तीस मात्र |

म.क्षे.हु.नि.द.नं. ३३/०७६/०७७



# बजेटमा पर्यटन व्यवसाय बचाउन विशेष कार्यक्रम ल्याउन व्यवसायीको माग

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ जेठ



कोभिड-१९ का कारण मुलुकको पर्यटन क्षेत्र धराशायी अवस्थामा पुगेको भन्दै पर्यटन क्षेत्रका अगुवा सङ्घसंस्थाले आगामी आर्थिक वर्ष २०७७/७८ को बजेटमा पर्यटनलाई बचाउने विशेष कार्यक्रम ल्याउन माग गरेका छन् ।

कोभिड नियन्त्रणका लागि मुलुकमा जारी बन्दाबन्दीले खर्बौंको लगानी डुब्ने र नेपालको समग्र पर्यटन उद्योग नै तहसनहस हुने खतरालाई मध्यनजर गर्दै सरकारले बजेट वक्तव्यमार्फत पर्यटन व्यवसायीको मागलाई सम्बोधन गर्न आग्रह गरेका हुन् । पर्यटन क्षेत्रका १२ संस्थाले संयुक्त विज्ञप्ति जारी गर्दै राहतका अल्पकालीन तथा दीर्घकालीन विशेष कार्यक्रम ल्याउन सरकारसमक्ष माग गरेका छन् ।

साथै यो विषम परिस्थीतिमा अर्थतन्त्रको आधारका रूपमा रहेको पर्यटन क्षेत्रलाई जीवन र मरणको दोसाधबाट उद्धार गर्न सरकारले पर्यटनमैत्री अभिभावकको भूमिका निर्वाह गर्न पनि व्यवसायीले आग्रह गरेका छन् । व्यवसायीले कोभिडबाट नराम्ररी प्रभावित भएको पर्यटन व्यवसायको पुनःस्थापना गर्न विस्तृतरूपमा ठोस नीति तथा कार्यक्रममा सम्बोधन नभएकामा ध्यानाकर्षण गराउँदै आगामी बजेटमा छुटेका विषय समेटिने विश्वाससमेत व्यक्त गरेका छन् ।

"प्रस्तुत नीति तथा कार्यक्रममा नयाँनयाँ योजना आएको तर महामारीको सङ्क्रमणले विस्थापित अवस्थामा पुगेका पर्यटन व्यवसायीलाई पुनःउत्थान गर्ने कुनै पनि ठोस योजना घोषणा नगरिएकामा हामी व्यवसायीलाई निरास बनाएको छ", विज्ञप्तिमा भनिएको छ ।

यसरी ध्यानाकर्षण गराउने संस्थामा नेपाल एशोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स (नाट्टा), ट्रेकिङ एजेन्सिज एशोसिएसन अफ नेपाल (टान), होटल एशोसिएसन नेपाल (हान), नेपाल पर्वतारोहण सङ्घ, नेपाल पर्यटक यातायात व्यवसायी सङ्घ, सोसाइटी अफ ट्राभल एण्ड टूर अपरेटर्स नेपाल, प्यासिफिक एशिया ट्राभल एशोसिएसन पाटा नेपाल च्याप्टर, टुरिस्ट बस एशोसिएसन, नेपाल एशोसिएसन अफ न्याफटिङ, रेष्टुरेन्ट एण्ड बार एशोसिएसन अफ नेपाल र एक्सिपिडिसन अपरेटर्स एशोसिएसन रहेका छन् ।

नेपाल पर्यटन बोर्डले कोभिडका कारण पर्यटन क्षेत्रमा पारेको असरबारे अध्ययन गरी कोभिडको महामारीबाट सिर्जित विषम परिस्थितिबाट पर्यटन क्षेत्रलाई बचाउन तीन चरणका उपाय अपनाउन आग्रह गर्दै यस क्षेत्रमा कार्यरत मानव संशासन (कर्मचारी एवं पर्यटन श्रमिक) को पेशागत सुरक्षाका लागि रु २० अर्बको राहत प्याकेज ल्याउन सरकारलाई सिफारिस गरेको छ । उक्त सिफारिससहितको प्रतिवेदन बोर्डले गत वैशाख ४ गते संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयलाई बुझाएको थियो ।

# ५६ दिनमा तीन अर्बको औषधि आयात

**काठमाडौं, रासस–** बन्दाबन्दी शुरु भएपछिको ५६ औं दिनसम्म करीब रु तीन अर्ब बराबरको तयारी औषधि आयात भएको छ । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आज सार्वजनिक गरेको तथ्यांकानुसार बन्दाबन्दीपछि मङ्गलबारसम्म रु दुई अर्ब ७१ करोड ६ लाख ६७ हजार बराबरको तयारी औषधि र रु ६१ करोड ४९ लाख ९५ हजार बराबरको औषधिको कच्चा पदार्थ आयात भएको छ ।



मन्त्रालयको तथ्यांकानुसार एक लाख ८३ हजार ९२३ मेट्रिक टन खाद्यान्न, ५१ हजार ८३२ मेट्रिक टन दलहन, ६९ हजार २५५ मेट्रिक टन तरकारी, २५ हजार ९८१ मेट्रिक टन फलफूल र १२ हजार ५७ मेट्रिक टन दुग्धजन्य पदार्थ आयात भएको छ ।

बन्दाबन्दीपछि खाद्य पदार्थ आयातमा वृद्धि भएको मन्त्रालयका सहप्रवक्ता उर्मिला केसीले जानकारी दिए । उनका अनुसार पहिलो हप्ताको तुलनामा आठौं हप्तामा खाद्यान्न आयातमा ८२ दशमलव ६ प्रतिशत तथा दलहन र गेडागुडी आयातमा १२१ दशमलव १ प्रतिशतले वृद्धि भएको छ । यसैगरी तरकारी र फलफूलको आयात क्रमशः ९ दशमलव ६ र ३०५ प्रतिशतले वृद्धि भएको छ । यही अवधिमा दुग्धजन्य पदार्थ आयातमा १३२ दशमलव ९, औषधिको कच्चापदार्थमा १९८ दशमलव ३ र तयारी औषधिमा ५७ दशमलव १ प्रतिशतले वृद्धि भएको छ ।

बन्दाबन्दी भएपछिको हाल विद्यमान आठौं सातामध्ये खाद्यान्न पाँचौं साता, दलहन तथा गेडागुडी, फलफूल र तयारी औषधि छैटौं साता र औषधिको कच्चा पदार्थ सातौं सातामा सबैभन्दा बढी आयात भएको तथ्यांकमा उल्लेख गरिएको छ । यसैगरी तरकारी तथा दुग्धजन्य पदार्थ चौथो सातामा सबैभन्दा बढी आयात भएको थियो ।

रसुवागढी नाकाबाहेक सबै सीमानाकाबाट सामान आयात भइरहेको मन्त्रालयले जनाएको छ । मंगलबारसम्म वीरगञ्ज एकीकृत जाँचचौकीबाट ३१२ ट्रक भित्रिएको, २७६ ट्रक बाहिरिएको र ६३३ ट्रक रोकिएका छन् । त्यस्तै वीरगञ्ज सुख्खा बन्दरगाहबाट १८० ट्रक भित्रिएको, ११५ ट्रक बाहिरिएको र तीन हजार ५९२ ट्रक रोकिएका छन् । भैरहवा नाकाबाट ५० ट्रक भित्रिएको, ४४ ट्रक बाहिरिएको र १८० ट्रक रोकिएका छन् ।

विराटनगर एकीकृत जाँचचौकीबाट २१७ ट्रक भित्रिएको, ११४ ट्रक बाहिरिएको र २५५ ट्रक उतै रोकिएका छन् भने विराटनगर सुख्खा बन्दरगाहमा एक ट्रक रोकिएको छ । काकरभिट्टा जाँचचौकीबाट ६८ ट्रक भित्रिएको, ५८ ट्रक बाहिरिएको र ३३ ट्रक रोकिएको छ ।

# कारोना प्रभावित राष्ट्रहरुलाई बिश्व बैंकको १ खर्ब ६० अर्ब डलरको आर्थिक प्याकेज




**मध्यान्ह संवाददाता**
**काठमाडौं, ७ जेठ**


विश्व बैंक समूहले कोरोना भाइरसको असरका कारण ठूलो आर्थिक क्षति बेहोरिरहेका मुलुकहरुका लागि १ खर्ब ६० अर्ब डलरको आर्थिक प्याकेज घोषणा गरेको छ । यो प्याकेज कोरोना प्रभावित सय वटा मुलुकका लागि हो। प्याकेजअनुसार अनुदान र सहुलियतपूर्ण ऋणका ती मुलुकहरुले यो रकम प्राप्त गर्नेछन्। कोरोना संकटपछि विश्व बैंकले घोषणा गरेको यो अहिलेसम्मकै ठूलो प्याकेज हो ।

कोरोनाका कारण संकटमा रहेका मुलुकलाई गरिबी र चरम आर्थिक संकटबाट बचाउन, निजी क्षेत्रको उद्धार गर्न तथा स्वास्थ्य प्रणालीको सुदृढीकरणमा काम थालिसकेको विश्व बैंकले जनाएको छ । सोमबार स्वीकृत भएको सहायता आगामी १५ महिनाभित्र तोकिएका मुलुकहरुले क्रमशः प्राप्त गर्नेछन् ।

यो सहायता मुलुकहरुलाई चरम आर्थिक संकटबाट माथि उठाउन कोशेढुंगा सावित हुने विश्वास विश्व बैंकले गरेको छ। कोरोनाका कारण ठप्प भएको आर्थिक गतिविधिका कारण संसारभर करिब ६ करोड मानिस चरम गरिबीमा पुग्ने अनुमान गरिएको छ ।

विश्व बैंक समूहका अध्यक्ष डेभिड मालपासले सय वटा मुलुकमा आपतकालीन अपरेसनका लागि विश्व बैंकले सहायता घोषणा गरेको बताएका छन्। यसबाट अन्य दाताहरुले पनि आफ्नो सहायता अगाडि लैजान मद्दत पुग्ने उनको विश्वास छ।

# अष्ट्रेलियामा तेस्रो चार्टर्ड उडान गर्दै नेपाल एयरलाइन्स



**काठमाडा/मस**-राष्ट्रिय ध्वजावाहक नेपाल वायुसेवा निगम (नेपाल एयरलाइन्स) ले तेस्रोपटक अष्ट्रेलियामा चार्टर्ड उडान गर्ने भएको छ । निगमको वाइडबडी ए-३३० जहाजले आगामी जेठ २३ गते (मे ५ तारिख) अष्ट्रेलियाको राजधानी क्यान्बेरामा उडान गर्न लागेको हो । यो नेपालको राजधानी र अष्ट्रेलियाको राजधानी जोड्ने पहिलो उडान हुनेछ ।

नेपालस्थित अष्ट्रेलियन दूतावासले निगमको वाइडबडी जहाज चार्टर्ड गरेको निगमका प्रवक्ता अर्चना खड्काले जानकारी दिए । उनका अनुसार जेठ २३ गते क्यानबेरामा निगमको वाइडबडी जहाजले चार्टर्ड उडान गर्ने निश्चित भएको छ । नेपालमा लकडाउनका कारण रोकिएका अष्ट्रेलियाली र न्यूजील्याण्डका नागरिक र छुट्टीमा आएका पिआर होल्डर नेपाली नागरिकसहित २५० भन्दा बढीलाई दूतावासले जहाज चार्टर्ड गरी लैजान लागेको हो ।

यसअघि वैशाख २४ गते निगमको वाइडबडी जहाजले अष्ट्रेलियाको सिड्नीमा चार्टर्ड उडान गरेको थियो । त्यस्तै लकडाउनको अवधिमा निगमको वाइडबडी जहाजले पहिलोपटक विसं २०७६ चैत १९ गते अष्ट्रेलियाको ब्रिसबेनमा चार्टर्ड उडन गरेको थियो। यी उडानलाई निगमले आफ्नो ऐतिहासिक उडान भनेको थियो । मलेशियाको क्वालालम्पुर ट्रान्जिट हुँदै अष्ट्रेलियासम्मको ती दुवै उडान क्रमशः करिब १२ र १३ घण्टाको थियो । निगमको पुनः अष्ट्रेलिया उडान क्वालालम्पुर ट्रान्जिट भएर क्यानबेरा पुग्नेछ । नेपाल र अष्ट्रेलियाबीच हवाईसेवा सम्झौता भइसके पनि नियमित उडान हुनसकेको छैन ।

निगमले यसअघि चीनको बेइजिङ, चाङ्सा र ग्वान्जाओमा कार्गो चार्टर्ड उडान गरिसकेको छ । पछिल्लोपटक मङ्गलबार र सोमबार निगमको दुई वाइडबडी जहाले कार्गो उडानमार्फत ग्वान्जाओबाट स्वास्थ्य सामग्री ल्याएको थियो । ती स्वास्थ्य सामग्री नेपाली सेनाले खरिद गरेको हो । यस्तै निगमको वाइडबडी जहाजले आगामी जेठ ९ गते जापानमा पनि तेस्रोपटक चार्टर्ड उडान गर्दैछ । निगमले जापानको नारिता अन्तर्राष्ट्रिय विमानस्थलमा चार्टर्ड उडान गर्न लागेको हो । सोही गन्तव्यमा यसअघि जेठ २ गते निगमको वाइडबडी जहाजले दोस्रोपटक चार्टर्ड उडान गरेको थियो । त्यसैगरी गत चैत २८ गते निगमले नारितामा पहिलो चार्टर्ड उडान गरेको थियो । नेपालमा रोकिएका केही जापानिज नागरिक तथा बिदामा आएका नेपाली कामदार र विद्यार्थी लैजानका लागि निगमको जहाजले नारितामा चार्टर्ड उडान गरेको हो । निगमको वाइडबडी जहाज काठमाडौंको सुमेघ टूर एण्ड ट्राभल्स प्रालिले काठमाडौं-नारिता (जापान) चार्टर्ड उडानको अनुमति लिएको निगमले जनाएको छ ।

# बाग्मती प्रदेशमा सिँचाइ क्षेत्रको पूर्वाधारमा जोड दिईने

**हेटौडा/मस**-वाग्मती प्रदेशका भौतिक पूर्वाधार विकासमन्त्री रामेश्वर फुयाँलले उत्पादन बढाउन मन्त्रालयले सिँचाइ क्षेत्रको पूर्वाधार विकासलाई प्राथमिकता दिने बताए । प्रदेशका १३ वटै जलस्रोत तथा सिँचाइ विकास डिभिजन, दुई भूमिगत जलस्रोत तथा सिँचाइ विकास डिभिजन र नारायणी-खगेरी सिँचाइ व्यवस्थापन प्रणालीका प्रमुख तथा प्रतिनिधिसँगको बैठकमा मन्त्री फुयाँलले कोरोनाका कारण विश्वभर आर्थिक सङ्कट उत्पन्न हुन सक्ने भन्दै सरकारले सिँचाइको पूर्वाधार विकासको कामलाई द्रुत गर्नुपर्ने बताए ।



उनले लकडाउनका कारण सिर्जित समस्या समाधानमा सरकार तयार रहेकाले काम धमाधम गर्न निर्देशन दिए । कोरोनाका वाबजुद पनि काम गर्न सक्छौं भन्ने उदाहरण दिन आवश्यक रहेको बताउँदै मन्त्री फुयाँलले नयाँ योजना निर्माणमा पनि ध्यान दिनुपर्ने उल्लेख गरे । उनले कसैको स्वार्थमा योजना बनाइनुहुन्न भन्दै वास्तविकता हेरेर आवश्यकीय योजना छनोट गरिने बताए ।

भिडियो कन्फ्रेन्समार्फत भएको कुराकानीमा जलस्रोत तथा ऊर्जा विकास महाशाखाका निर्देशक मेघराज अवस्थीले महाशाखाको समग्र प्रगति ७० प्रतिशत पुगेको बताए । उनले लकडाउनका कारण समस्या भएको भए पनि वित्तीय तथा भौतिक प्रगति राम्रो रहेको उल्लेख गरे । निर्देशक अवस्थीले सिँचाइको काम बढाउनुपर्ने हुँदा यो वर्ष बजेटसमेत बढाउनुपर्ने उनको भनाइ थियो । बैठकमा सहभागी डिभिजन प्रमुख तथा प्रतिनिधिले कामलाई निरन्तरता दिइनै रहेको भए पनि लकडाउनका कारण निर्माण सामग्रीको ओसारपसारमा देखिएको समस्या, मजदुर तथा दक्ष जनशक्तिको अभावलगायत समस्याको समाधान गरिनुपर्ने धारणा राखेका थिए ।


COVID-19 NOVEL CORONA VIRUS (nCOV)
जनहितका लागि जारी जनचेतनामूलक सन्देश
नोबेल कोरोना भाइरस (Covid-19) का मुख्य लक्षणहरु
ज्वरो (१००.४° F भन्दा माथि)
श्वासप्रश्वासमा अत्याधिक समस्या
रुघा र खोकी
नोबेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ताभित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।
कसरी आफू बच्ने र अरुलाई बचाउने ?
नियमित रूपमा साबुन पानीले हात धुने ।
खोक्दा र हाछ्युँ गर्दा नाक र मुख छोप्ने ।
फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।
फ्लू जस्तो लक्षण देखिने जो कोहीको सम्पर्कबाट टाढा रहने ।
जङ्गली तथा घरपालुवा पशुपन्छीसँगको असुरक्षित सम्पर्कबाट टाढा रहने ।
पशुजन्य मासु, दुध तथा अण्डा राम्रोसँग पकाएर खाने ।
मध्यान्ह Madhyanha National Daily राष्ट्रिय दैनिक
कार्यालय
बागबजार, काठमाडौं
फोन नं. ०१-४२२६३६६



www.madhyanhadaily.com
मध्यान्ह दैनिकको facebook Page
Madhyanha News

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस् ।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस ।
डि. आर. ट्रेडिङ्ग कन्सर्न
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८१३२५४२७५

दिवा सेवा तथा रात्री सेवा
माउण्ट मकालु यातायातको काउन्टर
नयाँ बसपार्कमा पनि खुलेको
यात्रुहरूलाई जानकारी गराईन्छ ।
सम्पर्क : कलंकी : फोन : ४२८१९७२
प्रेम रतन डिलक्स काठमाडौं-गौर, सम्पर्क : ९८५१०६३०४२ (प्रेम)
ग्यालक्सि डिलक्स : लालवन्दी-मलंगवा
९८१३६६६७०० रामहरी

अब जनता बोल्छन्, जनतापाटी सँगै...
जनतापाटी
www.janatapati.com
Janatapatinews Janatapati Janatapati


प्रकाशक: **सीतादेवी श्रेष्ठ**, कार्यालय: बागबजार, काठमाडौं, फोन: ४२२६३६६, ४२२८२९८ ई-मेल: madhyanhadaily59@yahoo.com, madhyanhadaily59@gmail.com, मुद्रक: एक्सप्रेस कलर प्रेस, सम्पादक: **मदनकुमार श्रेष्ठ**